२०६५ साल माघ ९ गते रोज ५ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. राष्ट्रिय विद्युत संकट निरुपण कार्ययोजना, २०६५ कार्यान्वयन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१२४-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
२. अदालतको अधिकार क्षेत्र पुनरावलोकन गर्नको लागि गठित कार्यदललाई थप रकम निकासा गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६१-०६५।१०।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
३. वर्ड फ्लु रोग नियन्त्रण (पहिलो संशोधन) आदेश, २०६५ स्वीकृत गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३५-०६५।१०।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
४. विभूषण नियमावली, २०६५ स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको नं.६।४०-०६५।३।६ को प्रस्ताव -मन्त्रिपरिषद्, विधेयक समितिको सिफारिश बमोजिम यसैसाथ संलग्न “विभूषण नियमावली, २०६५” स्वीकृत गर्ने ।
५. कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्या सम्वन्धमा गठित जाँचबुझ आयोगको म्याद थप विषयको गृह मन्त्रालयको नं. ६।२१०-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
६. काठमाण्डौ स्यूचाटार निवासी निर्मल पन्त र पुष्कर डंगोलको हत्या सम्वन्धमा गठित जाँचबुझ आयोगको म्याद थप विषयको गृह मन्त्रालयको नं. ६।२११-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
७. काठमाण्डौ ताहाचल निवासी आशिष मानन्धर र रितेश रौनियारको हत्या सम्बन्धी न्यायिक जाँचबुझ आयोगको म्याद थप विषयको गृह मन्त्रालयको नं. ६।२१२-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
८. सवारी साधन दर्ता (भारत सरकारबाट सहयोग स्वरुप प्राप्त) विषयको गृह मन्त्रालयको नं. ६।२१३-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
९. वित्तीय क्षेत्रको कर्मचारी शहीद घोषणा गर्ने (सुरक्षा गार्ड स्व. गणेशबहादुर श्रेष्ठलाई) विषयको गृह मन्त्रालयको नं. ६।२१८-०६५।१०।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१०. कृष्णसार संरक्षण क्षेत्र घोषणा गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४०-०६५।९।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
११. संयुक्त कम्पनी मार्फत पेट्रोलियम पाइप लाइन निर्माण सम्बन्धी कार्य गराउने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३का२३-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१२. शिविर व्यवस्थापन कार्यालयहरुमा कामकाज गर्न खटाइएका कर्मचारीलाई प्रोत्साहन भत्ताको निरन्तरता विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४१-०६५।८।११ को प्रस्ताव - प्रस्तावको प्रकरण ४.“निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत रहेको ‘३५ प्रतिशत’ भन्ने व्यहोराको सट्टा ‘२५ प्रतिशत’ भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१३. चिकित्सकहरुलाई भत्ता उपलब्ध गराउने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४९-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१४. निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०६५ विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।३१-०६५।१०।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. कार्यदल गठन गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।३२-०६५।१०।८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित खण्ड क) को सट्टा देहायको खण्ड क) राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

क) स्थानीय निकाय गठनको लागि देहायबमोजिमको कार्यदल गठन गर्ने -

१. सरकारमा सहभागी दलका एक एक जना प्रतिनिधि ।

२. प्रमुख विपक्षी दल नेपाली कांग्रेस र तराई मधेश लोकतान्त्रिक पार्टीको एक एक जना प्रतिनिधि ।

१६. जग्गा सट्टापट्टा गरिदिने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।८५-०६५।९।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. अन्तर्राष्ट्रिय स्वास्थ्य साझेदारी सम्बन्धी मन्त्रिस्तरीय बैठकमा भाग लिन जाने (मा. मन्त्रीको नेतृत्वमा) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।८७-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. पूर्व प्रधानमन्त्री माननीय गिरिजाप्रसाद कोइरालालाई उहाँले लोकतान्त्रिक गणतन्त्र स्थापनामा खेल्नु भएको भूमिकालाई समेत मनन गरी देहायबमोजिमको सुविधा उपलब्ध गराउने -

(क) हाल भाडामा बस्नुभएको घरको भाडा लिएको मितिदेखिको घरभाडा,

(ख) वहाँको औषधोपचारका लागि खर्च हुने बिलबमोजिमको रकम,

(ग) एक सवारी साधन र मासिक इन्धन २५० लिटर, मोविल ३ महिनामा ५ लिटर,

(घ) स्वकीय सचिवालयका लागि सह सचिव सरह एक, उप सचिव सरह एक, शाखा अधिकृत सरह एक, ना.सु. सरह एक, कम्प्युटर अप्रेटर एक, चालक दुई र कार्यालय सहयोगी दुईको पारिश्रमिक,

(ङ) उल्लिखित सुविधा उपलब्ध गराउन लाग्ने रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने ।

१९. माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री वामदेव गौतमलाई थाइल्याण्डको बैङ्ककमा गई औषधोपचार गराउँदा लाग्ने बिलबमोजिमको औषधि उपचार तथा आते-जाते सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने । साथै, उहाँका साथमा जाने २ जना कुरुवाको जाते-आते हवाई खर्च नेपाल सरकारले व्यहोर्ने । वहाँलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन हजार उपलब्ध गराउने । सो रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत निकासा दिने ।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १०४७ मिति २०६५।१०।७ को पत्रबाट माननीय अर्थ मन्त्री डा. बाबुराम भट्टराई विरामी हुनुभई अस्पतालमा उपचार गराउनु हुँदा लागेको विल बमोजिमको खर्च नेपाल सरकारले उपलब्ध गराउने भनी श्री त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगंजलाई लेखिगएकोमा सोको समर्थन गर्ने ।

२१. शिक्षा मन्त्रालयका सचिव श्री दीपेन्द्रविक्रम थापाको मिति २०६५।१०।६ को निवेदनलाई दृष्टिगत गरी ESAT/Danida को आर्थिक सहयोगमा वहाँलाई थाइल्याण्डको Asian Institute of Technology बाट नेपालमा नै रही (Non residential) विद्यावारिधि (Phd) गर्न स्वीकृति दिने ।

२२. यसैसाथ संलग्न 'वाग्मती नदीमा स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक कार्य गर्ने छाता समितिको गठन र कार्यादेश' स्वीकृत गर्ने ।

२३. मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट मिति २०६५।९।२७ मा स्वीकृत 'सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि निर्देशिका, २०६५' को कार्यान्वयन सम्बन्धमा देहायबमोजि गर्ने -

(क) उल्लिखित निर्देशिकाको नाम 'एकीकृत सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि निर्देशिका, २०६५' राख्ने ।

(ख) उक्त निर्देशिकामा उल्लिखित 'सेवा केन्द्र' लाई 'एकीकृत सेवा केन्द्र' भनी सुधार गर्ने ।

(ग) एकै जिल्लामा एक भन्दा वढी एकीकृत सेवा केन्द्र रहेकोमा क्रमिक रुपमा लागू गर्ने ।

(घ) निर्देशिकाको अनुसूची १. मा देहायबमोजिम एकीकृत सेवा केन्द्र थप गर्ने -

१. जाजरकोटको - १. खगेनकोट गा.वि.स., दल्ली र
२. दशेरा गा.वि.स., दशेरा

२. सल्यानको रामपुर गा.वि.स., रामपुर

३. प्यूठानको लुङ गा.वि.स., वाहोन

४. बाँकेको फत्तेपुर गा.वि.स., फत्तेपुर

(ङ) एकीकृत सेवा केन्द्र स्थापना गर्न बाँकी भएका जिल्लाहरुका सम्बन्धमा कुन स्थानमा एकीकृत सेवा केन्द्र स्थापना गर्नुपर्ने हो ? गृह मन्त्रालयले एकीन गरी पेश गर्ने ।

२४. हिन्दी चलचित्र 'चाँदनी चोक टु चाइना' को प्रदर्शन उपर प्रतिबन्ध लगाउने ।

२५. राष्ट्रिय योजना आयोगको सदस्यमा गोरखा निवासी डा. सुनिलबाबु श्रेष्ठलाई नियुक्ति गर्ने ।

२६. मं.प.आ.पू.सं. ७।०६५ मिति २०६५।८।२० मा नेपाल सरकारबाट स्वीकृत नेपाल सरकारबाट प्रदान हुने 'आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०६५' को दफा ६. मा रहेको "बिल बमोजिम खर्च" भन्ने व्यहोरा पछि ", बिरामी र कुरुवा गरी २ जनाको आतेजाते खर्च र भर्ना भएकोमा अस्पतालमा बस्दासम्मको दैनिक रु. ७५।- का दरले एकजना कुरुवालाई कुरुवा खर्च" भन्ने व्यहोरा राखी उल्लिखित मापदण्ड संशोधन गर्ने ।

२७. अर्थ मन्त्रालयबाट प्रस्तुत भएको यसैसाथ संलग्न "सुपथ मूल्यका सहकारी पसल संचालन सम्बन्धी नियमावली, २०६५" स्वीकृत गर्ने ।

२८. मं.प.बै.सं. २८।०६५ मिति २०६५।७।११ को मन्त्रिपरिषद्को बैठकबाट सम्माननीय राष्ट्रपतिलाई अर्को तीन महिनाको लागि हाल घर भाडामा लिएकै घरमा आवासको व्यवस्था गर्ने निर्णय भएअनुसार आवासको व्यवस्था मिलाउँदै आएकोमा शीतल निवासको भवनमा निर्माण सुधारको कार्य अझै टुङ्गि नसकेकोले शीतल निवासमा नै आवासको व्यवस्था नभएसम्मका लागि हाल घर भाडामा लिएकै घरमा आवासको व्यवस्था गर्ने । उक्त व्यवस्था भौतिक योजना तथा निर्माण मन्त्रालयले मिलाउने ।

२९. देहायबमोजिम गर्ने -

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्माननीय प्रधानमन्त्रीको निजी सचिवालय बीच IT Connection तथा अन्य कार्यका लागि जडान गरिएको रु. ५,१०,३४६।६० रकमको नोटबुक कम्प्युटर लगातयका विभिन्न सामान खरिद गरेको समर्थन गर्ने र सोको लागि आवश्यक रकम अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निकासा दिने ।

२. पुल्चोकस्थित माननीय मन्त्रीहरुको निवास र संविधान सभाका माननीय उपाध्यक्षको निवास तथा पुल्चोकस्थित मन्त्री निवासमा स्थान अभाव भै बाहिर बस्नु भएका माननीय मन्त्रीहरुको निवासमा कम्प्युटर, यु.पि.एस., पिण्टर, फ्याक्स मेसिन, २१" रंगीन टेलिभिन, २२० लिटरसम्मको फ्रिज समेत एक एक थान र इन्टरनेट लाइन एक उपलब्ध गराउने । उल्लिखित व्यवस्था तत्कालै मिलाउनु परेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र

सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भएको बोलपत्र सम्बन्धी प्रक्रिया पूरा गरी गर्न समयले नभ्याउने भएकोले अधिकृत विक्रेता मार्फत सोझै खरिद गरी अविलम्व जडान सम्पन्न गर्ने व्यवस्था भौतिक योजना तथा निर्माण मन्त्रालयले मिलाउने । सो कार्यको लागि आवश्यक रकम अर्थ मन्त्रलयले भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निकासा दिने ।

३०. मं.प.बै.सं. २५।०६५ मिति २०६५।६।१९, मं.प.बै.सं. २६।०६५ मिति २०६५।७।८ र मं.प.बै.सं. २९।०६५ मिति २०६५।७।२० को मन्त्रिपरिषद्को निर्णयबाट व्यवस्थापिका संसदका उपसभामुख, विपक्षी दलका नेता र विभिन्न दलका प्रमुख सचेतक/सचेतकलाई तोकिएको पारिश्रमिक नियुक्ति भएको मितिदेखि उपलब्ध गराउने ।

३१. मं.प.बै.सं. ३९।०६५ मिति २०६५।१०।२ को मन्त्रिपरिषद्को निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ अन्तर्गत गठित विशेष समितिको सदस्य तोकिनु भएका प्रा. मोहम्मद हविबुल्लाहलाई मिति २०६५।१०।३ गतेदेखि मासिक भत्ता (पारिश्रमिक, सवारी साधन, इन्धन, घरभाडा, टेलिफोन समेतका सुविधाहरु) एकमुष्ट चालीस हजार रुपैयाँ उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत निकासा दिने ।

*द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*